**कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिका कारण प्रभावित व्यक्ति वा परिवारहरुका लागि**

# राहत वितरण सम्बन्धी २०७६

खत्याड गाउँपालिका

खत्याड **गाउँपालिका**

**गाउँकार्यपालिका कार्यालय**

माझचैर, मुगु

**स्वीकृत मिति : २०७६।१२।२५**

**प्रमाणित मिति : २०७६।१२।२५**

# खत्याड गाउँपालिका

कोरोना भाइरस (कोभिड–१९) **संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिका कारण प्रभावित व्यक्ति वा परिवारहरुका** लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७६

**१. प्रस्तावनाः**

विश्वव्यापि महामारी कोभिड–१९ को संक्रमण रोकथाम, नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको आवागमन निषेध वाट आय आर्जन गुम्न गई दैनिक जीवन खतरामा परेका तथा कोरोना भाईरसका कारण अन्य कुनै तरिकावाट प्रभावित परिवारहरुका लागि तिनिहरुको दैनिक जीवन निर्वाहका निम्ति व्यवस्थापन गर्न वाञ्छनीय भएकाले खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को अधिनमा रही खत्याड गाउँपालिका कोभिड(१९ नियन्त्रण तथा व्यवस्थापन समितिले "कोरोना भाइरस (कोभिड–१९) **संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिका कारण प्रभावित व्यक्ति वा परिवारहरुका** लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७६" बनाइको छ ।

**२. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस मापदण्डको नाम "कोरोना भाइरस (कोभिड–१९) **संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिका कारण प्रभावित व्यक्ति वा परिवारहरुका** लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ ।

**३. पारिभाषाः**

(क) "कार्यविधि" भन्नाले खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ सम्झनुपर्छ ।

(ख) "मापदण्ड" भन्नाले खत्याड गाउँपालिकाको कोरोना भाइरस (कोभिड–१९) रोगबाट सङ्क्रमित तथा प्रभावितहरुका लागि राहत वितरण सम्बन्धी मापदण्ड, द्दण्ठट सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले कोरोना भाइरस ९कोभिड(१९० संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ बमोजिमको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सम्झनुपर्छ।

(घ) "प्रभावित व्यक्ति" भन्नाले कोरोना भाइरसको प्रकोपबाट वा नेपाल सरकारले घोषणा गरेको लकडाउनबाट परिवारका सदस्य गुमाएको, स्वास्थ्यजन्य समस्या उत्पन्न भएको, आय वा रोजगारी गुमाएको, सम्वन्धित गन्तव्यमा नपुगि विचैमा अलपत्र परेको व्यक्ति र निजको परिवार वा कोरोना भाइरसका कारण अन्य कुनै तरिकाबाट प्रभावित भई दैनिक जीविकोपार्जनमा समस्या परेका व्यक्तिलाई सम्झनुपर्छ।

(ङ) "राहत" भन्नाले कोरोना महामारीवाट प्रभावित भई घर परिवारका सदस्यहरुलाई दैनिक छाक टार्न मुश्किल परेका घर परिवारका व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ।

(च) "समिति" भन्नाले खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को दफा ८ बमोजिमको समिति सम्झनुपर्छ।

९छ० "संयोजक" भन्नाले खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को दफा (८) बमोजिमको समितिको संयोजक सम्झनुपर्छ । सो सव्दले व्यवस्थापकिय परिचालन टिमका सँयोजकलाई समेत जनाउदछ ।

(ज) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिका सम्झनुपर्छ ।

खत्याड गाउँपालिका

**४. राहतको उदेश्यः**
कोरोना भाइरस (कोभिड–१९) को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका सिलसिलामा प्रभावित तथा सङ्क्रमित व्यक्ति वा परिवारलाई वितरण गरिने राहतको मूल उदेश्य कोरोना भाइरस (कोभिड–१९) को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका सिलसिलामा प्रभावित तथा सङ्क्रमित व्यक्ति वा परिवार वा उनिहरूको घर परिवारमा रहेका अन्य आश्रित सदस्यहरुका लागि दैनिक रुपमा खान–वस्त्र पाउने अधिकारको सुनिश्चित गर्ने ।

**५. राहत सहायता प्याकेजः** (१) यस मापदण्डको दफा (६) बमोजिमका राहत सहायता प्राप्त गर्न योग्य ब्यक्ति वा घर परिवारलाई खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को दफा (१०) बमोजिम वितरण हुने राहात सामाग्री राहत सहायता वापत वितरण गरिने छ ।

(२) उपदफा ९१) वमोजिम वितरण हुने राहात साम्राग्रि आवश्यकताको आधारमा कोरोना प्रभावित व्यक्ति, श्रर्मिक वर्ग, असहाय तथा विपन्नहरुलाई प्रति परिवारका लागि प्रति महिना वा समग्रमा वढीमा देहायका समाग्री राहत स्वरुप वितरण गरिनेछ ।

- ९क) चामल ६० किलोग्राम
- ९ख) दाल ५ किलोग्राम
- ९ग) खाने तेल १ लिटर
- (घ) खाने नुन ५ पाकेट
- ९ङ) अन्य ......

(३० प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामग्रीमध्ये आवश्यकता र औचित्यका आधारमा दफा ११ मा दिइ सिमा ननाघ्रे गरि दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

९४) गाउपालिका क्षेत्र वाहिर अलपत्र परेका व्यक्तिहरुको लगत सँकलन, राहत तथा उद्धारका लगाएतका कार्य गर्नका लागि खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को दफा (१०) बमोजिम गठित व्यवस्थापकिय परिचालन टीमवाट निर्णय गरि गाउपालिका क्षेत्र वाहिर अलपत्र परेका व्यक्तिहरुको लगत सँकलन, राहत तथा उद्धारका लगाएतका कार्यहरू संचालन गरिनेछन ।

(५) दफा (४) वमोजिम गाउपालिका क्षेत्र वाहिर अलपत्र परेका व्यक्तिहरुको लगत सँकलन, राहत तथा उद्धारका लागि व्यवस्थापकिय परिचालन टीमवाट प्रति महिना प्रति परिवार देहायको रकम वरावरको राहात समाग्री वितरण गरिनेछ ।

- ९क) १ जना मात्र सदस्य भएको परिवारको हकमा रू २५०० वरावरको सामाग्रि
- ९ख) २ जना सदस्य भएको परिवारको हकमा रू ३७०० वरावरको सामाग्रि
- ९ग) ३ जना सदस्य भएको परिवारको हकमा रू ४६०० वरावरको सामाग्रि
- ९घ) ४ ज सदस्य भएको परिवारको हकमा रू ५६०० वरावरको सामाग्रि
- ९ङ) ५ वा ५ जना भन्दा माथि जतिसुकै सदस्य भएपनि रू ७००० वरावरको सामाग्रि

**६. राहत वितरण प्रक्रियाः** (१) देहायको विधि अवलम्बन गरी दफा (५) बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

९क० उपदफा ९१० बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोभिड(१९ बाट प्रभावित व्यक्तिको विवरण सम्वन्धित वडाबाट प्रमाणित भएको हुनु पर्नेछ ।

९ख० उपदफा (क) मा जे सुकै लेखिएको भएता पनि संकटग्रस्त अवस्थामा तत्काल राहत उपलब्ध नगराउँदा प्रभावित व्यक्ति वा परिवारहरू थप जोखिममा गर्न सक्ने अवस्थामा छन भन्ने समितिलाई

लागेमा त्यस्तो व्यक्ति वा परिवारलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(ग) उपदफा (ख) वमोजिम तत्काल राहत उपलब्ध नगराउँदा प्रभावित व्यक्ति थप जोखिममा गर्न सक्ने अवस्था छ भन्ने तथ्यपुर्ण कारण भएको तर समितिको बैठक तुरुन्तै बस्न सक्ने अवस्था नरहेको अवस्थामा तत्पश्चात लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन हुने गरी त्यस्तो व्यक्तिलाई संयोजकको निर्णयबाट एक पटकमा बढिमा दश हजार रूपैयासम्मको राहत उपलव्ध गराउन बाधा पुग्ने छैन ।

९घ) यस कार्यविधि बमोजिम राहत विवरण गर्दा एक परिवारलाई एक ईकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ ।

(ङ) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गांउपालिका क्षेत्रमै रहेका तर कोभिड(१९ बाट प्रभावित व्यक्ति, श्रमिक वर्ग तथा असहाय तथा तिन सँगसँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरिरहेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

२. राहत वितरणका सिलसिलामा हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले राहत वितरण गर्ने नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र वा वाहिर राहत वितरण गर्दा दफा (५) बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने सम्वन्धित क्षेत्रमा रहेको स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य एकिन गर्ने र राहात सामाग्री छनौट गर्ने ।

(ख) नियम (७) उपनियम (१) बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा अध्यक्ष वा वडा अध्यक्षको सिफारिसमा गाउपालिकाले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने वा गाउँपालिकाले खरीद गरी दफा ७ बमोजिम वितरण गर्नेछ ।

३. नियम ९१०) वमोजिम गाउपालिका क्षेत्र वाहिर अलपत्र परेका खत्याड वासिहरूको लगत सँकलन, राहत तथा उद्धारका लगाएतका कार्य गर्नका लागि गांउपालिका तथा सम्वन्धित वडा कार्यालय संगको समन्वयमा अलपत्र परेका व्यक्तिहरुको लगत सँकलन तथा प्रमाणिकरणका तत् तत् क्षेत्रमा गठित व्यवस्थापकिय परिचालन टीमवाट हुनेछ ।

(क) नियम (१०) वमोजिम लगत सँकलन तथा प्रमाणिकरण भइ तत्काल राहत तथा उद्धारका गर्नुपर्ने नागरिकहरूलाइ दफा (५) को उपदफा (५) वमोजिम प्राप्त हुने रकम वरावरको कुपन उपलब्ध गराई नियम (६) उपनियम (२) क बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने वा व्यवस्थापकिय परिचालन टीमले नियमानुसार वस्तुगत सामाग्री खरीद गरी वितरण गर्नेछ ।

७. **विवरण संकलनः** (१) कोरोना भाइरस (कोभिड–१९) बाट सङ्क्रमित वा नेपाल सरकारवाट लागु गरिएको ियअपमयधल का कारण प्रभावित भई दैनिक जीवन निर्वाह गर्न कठिनाईमा परी राहत सहायता वापतको सामाग्री प्राप्त गर्न यस मापदण्डको दफा (८) बमोजिमको व्यक्ति वा घरपरिवार छनोट गरि अनुसूची (१) बमोजिमकको ढाँचामा समितिमा सिफारिस गर्ने प्रमुख दायित्व सम्बन्धित वडाध्यक्षको हुनेछ । वडा कार्यालयले लक्षित परिवारका मुख्य व्यक्तिको नाम परिवार सख्या टोल वस्तिको नाम र घरमुलिको नागरिकता नम्वर सलग्न गरि सिफारिसका साथ पठाउनु पर्नेछ । पर्नुपर्ने लक्षित परिवार कुनै कारणवश छुट्न गएको भनि सम्वन्धित व्यक्तिले निवेदन दिएमा गाउपालिकाले सम्वन्धित वडा अध्यक्ष सगको समन्वयमा उक्त नाम माथि थपघट गर्न सक्नेछ । यदि लक्षित परिवार घर भाडामा वसेको भए घरधनिको नाम र ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(२) गाउपालिका क्षेत्र वाहिर अलपत्र परेका व्यक्तिहरुका सन्दर्भमा खत्याड गाउँपालिकाको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ को दफा (९)

उपदफा (१) बमोजिम गठित व्यवस्थापकिय परिचालन टीमको सामुहिक निर्णयवाट यस कार्यविधिको अनुसूची (२) बमोजिमकको ढाँचामा दफा (८) बमोजिमको व्यक्ति वा घरपरिवार हरुको निवेदन सँकलन तथा आवश्यक जाँचवुझ गरि राहत उपलव्ध गराउने व्यक्ति वा घरपरिवारहरुको छनोट गरिनेछ ।

## ८. राहत उपलब्ध गराउनेः

कोरोना भाइरस (कोभिड–१९) बाट सङ्क्रमित वा नेपाल सरकारवाट लागु गरिएको ियअपमयधल का कारण प्रभावित भई देहायका मापदण्डमा परेका व्यक्ति वा घर परिवारलाई यस मापदण्डको दफा (५) बमोजिमको सामाग्री राहत सहायता वापत वितरण गरिने छ ।

- ९□० दैनिक ज्यालादारी गरि आफू र आफ्नो परिवारलाई दैनिक जीवन निर्वाह गर्ने व्यक्ति वा परिवार ।
- ९□० आफनो कृषि उत्वादनवाट ९ महिना भन्दा कम खान पुग्ने, खेती गर्ने जमिन नभएका व्यक्ति वा परिवार ।
- ९□० हलिया भई काम गर्ने व्यक्ति वा परिवार ।
- ९□० आम्दानीको स्रोत मासिक दश हजार भन्दा कम भएका (घरपरिवारमा कम्तिमा ६ जना सदस्यहरु रहेको)
- ९□० वैदेशिक रोजगारीमा संलग्न नभएको परिवार ।
- ९□० दलित, असहाय, अपाङ्ग र अनाथ (घरमा प्रति व्यक्ति मासिक १० हजार भन्दा कमको पारिश्रमिक भएको ।
- ९□० अवागमन निषेधका कारणवाट गन्तव्यमा पुग्न नसकि विचमै अलपत्र परेका व्यक्तिहरु
- ९□० जिल्ला वाहिर रहि अध्ययनका सिलसिलामा लामो समय देखि घरवहालमा वसिरहेका तर अवागमन निषेधका कारण घर फर्किन नसकेका लक्षित परिवारका विध्यार्थिहरु
- ९□० असहायः अभिभावक नभएका, आर्थिक आय आर्जन गर्न सक्ने परिवारको सदस्य नभएका, अरुको साहारामा वस्ने, पुर्ण अपाग, अभिभावक नभएका वालवालिका र परिवारमा ७५ वर्ष भन्दा माथिका नागरिक मात्र भएका ।

## ९. राहत उपलब्ध नगराईनेः

यस मापदण्डमा अन्यत्र जुन सुकै व्यवस्था उल्लेख गरिएको भएता पनि देहायका मापदण्डमा परेका ब्यक्ति वा घरपरिवारलाई यस मापदण्डको दफा (५) बमोजिमको सामाग्री राहत सहायता वापत वितरण गरिने छैन ।

- ९□० नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा कार्यरत स्थायी, अस्थायी र करार कर्मचारी, विद्यालयका शिक्षक, कर्मचारीहरु (मासिक १० हजार भन्दा बढी तलव भत्ता पाउने) ।
- ९□० नेपाल सरकारका सङ्गठित सरकारी तथा गैर सरकारी संघ संस्थामा कार्यरत स्थायी, अस्थायी र करार कर्मचारी ((मासिक १० हजार भन्दा बढी तलव भत्ता पाउने)
- ९□० संघीय संसद, प्रदेश संसद, जिल्ला समन्वय समितिका सदस्य र स्थानीय तहका पदाधिकारिहरु ।
- ९□० नेपाली सेना, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान र नेपाल प्रहरीमा कार्यरत कर्मचारिहरु।
- ९□० मासिक २ लाख भन्दा बढीको कारोवारो गर्ने उद्योगी वा व्यवासायी ।

## १०. राहत वितरणको अभिलेख र प्रतिवेदनः

(क) वडा कार्यालयले राहत वितरणा गरेको हकमा सम्बन्धित वडाले अनुसूची (२) बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँपालिका कार्यालयमा पठाउनुपर्नेछ ।

(ख) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसूचि (३) बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) खत्याड गाउँकार्यपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

विविध

११. राहतको लागि विवरण संकलन तथा वितरणा कार्यमा संलग्न कर्मचारी जनपतिनिधि र लक्षित परिवारले न्युनतम् दुरी कायम गर्ने लगाएतका रोकथामका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

१२. यदि कोही व्यक्तिले राहतका लागि योग्य नभएको अवस्थामा पनि गलत विवरण पेश गरी राहत वुझिलिएको पाइएमा निजलाई प्रचलित कानुन वमजिम सजाए हुनेछ ।

१३. राहत पाउन योग्य नभएको व्यक्ति वा परिवारलाई राहतका लागि सिफारिसकर्ता समेत कारवाहीको भागिदार हुनेछ ।

खत्याड गाउँपालिका

अनुसूचि (१)
(दफा ७ सँग सम्बन्धित)
अभिलेखको ढाँचा
राहत प्राप्त गर्ने व्यक्ति वा परिवारको विवरण

१. नाम थर : २. बावुको नाम :
३. बाजेको नाम :
४. स्थायी ठेगाना : ५. हालको ठेगाना :
६. टेलिफोन वा मोबाईल नम्वर :
७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :
८. गर्ने गरेको कामको विवरण :
९. पेशगरेको कागजातको विवरण (कम्तीमा कुनै एक कागजात संलग्न गर्नु पर्ने)
  क. नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि वा
  ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा
  ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा
  घ. अन्य स

१०. राहत लिने व्यक्तिको स्वःघोषणा :
म र मरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक :
दस्तखत :
मिति :

औठाको छाप
दायाँ बायाँ

सिफारिस गर्ने पदाधिकारी :
दस्तखत :
कार्यालयको नाम :
पद : वडा न. :
नाम : मिति :

अनुसूचि ( द्द
(दफा ७ सँग सम्बन्धित)
खत्याड गाँउपालिका
**राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको विवरण**

१. नाम थर : २. बावुको नाम :
३. बाजेको नाम :
४. स्थायी ठेगाना : ५. हालको ठेगाना :
६. टेलिफोन वा मोबाईल नम्वर :
७. अलपत्र परेको स्थान :
८. अलपत्र पर्नुको कारण :

खत्याड गाँउपालिका

९. सगोलमा वस्नेहरु लाई राहत तथा उद्धार गर्नुपर्ने भए सो को सख्या :

९. पेशगरेको कागजातको विवरण (कम्तीमा कुनै एक कागजात संलग्न गर्नु पर्ने)

क. नेपाली नागरीकता परिचय खुल्ने अन्य कुनै प्रमाणको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य स

१०. राहत लिने व्यक्तिको स्वःघोषणा :

म/मरो परिवारका सदस्यहरु कामको शिलिशलामा आई आवागमन निषेध का कारण घर फर्किन नसकि अलपत्र परेको र हाल मैले/हामिले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैन/छैनौ । मैले/हामिले यस्तो राहत सुविधा दोहोरो लिएको छैन/छैनौ र लिने पनि छैन/छैनौ । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक :

दस्तखत :

मिति :

औठाको छाप

दायाँ बायाँ

अनुसूचि : ३

(दफा ५ सँग सम्बन्धित)

वडा नं. ..........कार्यालय................

**राहत वितरणको अभिलेख**

| क्र.सं. | प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बावुको नाम | बाजेको नाम | राहतको विवरण | बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत :

नाम थर, :

पद :

टेलिफोन नं. :

अनुसूचि : ३

(दफा ६ को उपदफा २ (ग) सँग सम्बन्धित)

**प्रतिवेदनको ढाँचा**

| क्र.सं. | प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको

दस्तखत :

नाम थर :

टेलिफोन नं. :

ख्याङ गाउँपालिका